☎ ०७८-५७५०१०
फ्याक्सः ०७८-५७५३९३
इमेलः devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

मिति :.....................

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

## स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तह वृद्धि गर्ने सम्बन्धी सूचना !

सूचना नं. १/०८०/०८१/प्र.

(सूचना प्रकाशन मिति : २०८०/०९/२६)

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पद भन्दा १ तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्लो आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूह भित्रको पदमा तह वृद्धि गर्ने र २०७९ दफा ९ को उपदफा (५) बमोजिम दरबन्दी सहित तह कायम गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिमको नकारात्मक सूचीमा नपरेका, तह वृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले देवचुली नगरपालिकाको वेबसाइट www.devchulimun.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम र दरबन्दी सहित तह कायमको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भए सम्म नेपाली कागजमा प्रिन्ट गरी यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई (दुई प्रति तयार गरी) सूचना प्रकाशित मितिले सात दिन भित्र यस नगरपालिकाको प्रशासन शाखामा बुझाउन हुन सुचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, आवेदन फाराम पूर्ण नभएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनहरु माथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

..............................
मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत